# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख १२ गते २०५६ साल (अतिरिक्ताङ्क ७

## भाग ३

श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### दूरसञ्चार (तेस्रो संशोधन) नियमावली, २०५६

दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "दूरसञ्चार (तेस्रो संशोधन) नियमावली, २०५६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. दूरसञ्चार नियमावली, २०५४ मा नियम ३४क. थपः दूरसञ्चार नियमावली, २०५४ को नियम ३४ पछि देहायको नियम ३४क. थपिएको छः–

"३४क. आर्थिक प्रशासन सम्बन्धी कुराहरूः प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी कुराहरू प्राधिकरणले बनाएको तत्सम्बन्धी विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।"

आज्ञाले,
प्रभाकर अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

23

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।